स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता भुवन केसीको निर्देशनमा बनेको फिल्म "बाटुलो जून"को पहिलो गीत "मेरो मन चोर्‍यौ सुटुक्कै" सार्वजनिक गारिएको छ। निर्माण पक्षले विजया दशमीको अवसर पारेर फिल्मको गीत सार्वजनिक गरेको हो। युग भुसालको शब्द तथा संगीत रहेको गीतमा तृषा चटर्जी र हिमांशु जान शर्माको स्वर छ। गीतको भिडिओमा फिल्मका मुख्य कलाकार अनमोल केसी र नव-अभिनेत्री प्रिन्सी खतिवडा फिचर्ड छन्।

**आजको विचार...**



प्रा.डा. दिपराज थापा

कागजमै...

(दुई पेजमा)



झन्डै चार दशकदेखि बलिउडमा सक्रिय छन् सलमान खान। कहिले प्रेमिल अभिनेता त कहिले एक्सन अवतारमा देखिने सलमानलाई दर्शकले प्रेमपूर्वक "भाइजान" भन्छन्। ठूलो पर्दादेखि टेलिभिजनसम्म आफ्नो उपस्थिति बलियो बनाएका सलमान यतिबेला भने अर्को माध्यममा पनि चर्चामा छन्। नेपालमा समेत ठूलो फ्यान फ्लोइङ कमाएका उनले हालै युट्युब च्यानल समेत सुरु गरेका छन्। सलमानले लेखेका छन्, "सुरुदेखि सुरु गरौं। मेरो आधिकारिक युट्युब च्यानल।

❐ वर्ष ३२ ❐ अंक ९३ ❐ २०८३ कार्तिक ९ गते सोमबार 26 October 2026, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### इरानमाथि आक्रमण हुन सक्ने ट्रम्पको चेतावनी

**काठमाडौं,** कार्तिक ८/ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानमाथि अमेरिकाले फेरि सैन्य अभियान सञ्चालन गर्न सक्ने चेतावनी दिएका छन्। उनले इरानसँग सम्झौता हुन सक्ने सम्भावना पनि औंल्याएका छन्।शुक्रबार फ्लोरिडामा आयोजित चुनावी सभामा ट्रम्पले अमेरिका फेरि 'एपिक फ्युरी' जस्तै छोटो सैन्य अभियान सञ्चालन गर्न सक्ने वा इरानसँग सम्झौता हुन सक्ने बताएका हुन्।'हामी फेरि अर्को छोटो 'एपिक फ्युरी' जस्तो अभियान चलाउन सक्छौं वा उनीहरूले सम्झौता गर्न सक्छन्,' ट्रम्पले भने।उनले इरानले समझदारी देखाउने हो भने गम्भीर वार्ता सुरु गर्ने प्रस्ताव अघि सार्नुपर्ने बताए। तर, इरानले त्यसो गर्नेमा आफूलाई शंका रहेको पनि उनले उल्लेख गरे।ट्रम्पले इरानको अर्थतन्त्र विश्वकै खराब अर्थतन्त्रमध्ये एक भएको दाबी गर्दै अमेरिकाले इरानलाई ठूलो क्षति पुर्‍याएको बताए।यसअघि शुक्रबार नै ट्रम्पले अमेरिकाले इरानसँगको युद्ध चाँडै अन्त्य गर्न सक्ने बताएका थिए। तर, उनले युद्ध तत्काल अन्त्य गर्ने प्रयास गर्नु उचित हुन्छ वा संघर्षलाई बिस्तारै शान्त हुन दिनुपर्छ भन्ने प्रश्नसमेत उठाएका थिए।ट्रम्पको पछिल्लो अभिव्यक्तिले इरानसँग वार्तामार्फत सम्झौता गर्ने सम्भावना र थप सैन्य कारबाहीको चेतावनी दुवैलाई सँगसँगै अघि सारेको देखिन्छ। *-बीबीसी*

# रामबहादुरकै सारङ्गीमा अडिएको मालश्री परम्परा

## उनीपछि कसले गाउला मालश्री ?

**रामचन्द्र रायमाझी /रासस**

**पाल्पा, कार्तिक ८/** बिहानको शान्त वातावरणमा तानसेनका गल्ली, चोक र घरका ढोकामा सारङ्गीको मधुर धुनसँगै मालश्री गुञ्जियो । हातमा सारङ्गी र मनमा पुर्ख्यौली संस्कृतिप्रतिको माया बोकेर तानसेन-६ का ७३ वर्षीय रामबहादुर गन्धर्व यस वर्ष पनि दशैंको नवरात्रमा मालश्री गाउन निस्किए ।

घटस्थापनादेखि ९ दिनसम्म उनी हरेक बिहान करिब ३ देखि ५ बजेसम्म तानसेनका गल्ली, चोक र घर-घरमा पुगेर सारङ्गी बजाउँदै मालश्री गाए । उमेरले सात दशक पार गरे पनि उनको मालश्रीप्रतिको मोह घटेको छैन । उनका लागि मालश्री गीत मात्र नभई पुर्खाले छाडेर गएको सांस्कृतिक सम्पदा हो ।

विगतमा गन्धर्व समुदायका धेरै व्यक्तिले दशैंको नवरात्र सुरु भएसँगै मालश्री गाउँदै गाउँबस्ती पुग्ने गर्थे । तर, नयाँ पुस्ताले चासो नदिनु र पुराना पुस्ताका कलाकारको निधन हुँदै जानुले यो परम्परा हराउँदै गएको छ । रामबहादुरका अनुसार अहिले पाल्पा जिल्लामै मालश्री गाउने आफू एक्लो व्यक्ति हुन्। उनलाई आफूपछि यो परम्परालाई निरन्तरता दिने व्यक्ति नहुने चिन्ता छ । "पुराना सबै सकिए, नयाँले सिक्नै खोज्दैनन् । अब मपछि मालश्री गाउने पाउनै मुस्किल छ," उनले भने । उमेर बढ्दै गए पनि मालश्री गाउने र सारङ्गी बजाउने रहर भने उस्तै रहेको उनी बतउँछन् । तर, बुढ्यौलीका कारण पहिलेझैं गाउँबस्ती पुगेर गीत गाउन सहज छैन ।

गन्धर्व समुदायको परम्परागत पेसा सारङ्गी बजाउने र गीत गाउने भए पनि पछिल्लो समय यो सीप नयाँ पुस्तामा हस्तान्तरण हुन सकेको छैन । अन्य पेसाबाट तुलनात्मक रूपमा राम्रो आम्दानी हुने भएकाले नयाँ पुस्ता वैकल्पिक रोजगारीतर्फ आकर्षित भएको समुदायका व्यक्तिहरू बताउँछन् । स्थानीय बाबुराम गन्धर्वका अनुसार आर्थिक अवसरको खोजीमा नयाँ पुस्ता अन्य पेसातर्फ लाग्दा पुर्खादेखि चल्दै आएको पेसाले निरन्तरता पाउन कठिन भएको छ । जीविकोपार्जनको चुनौतीले गर्दा संस्कृति जोगाउने चाहना हुँदाहुँदै पनि परम्परागत पेसालाई निरन्तरता दिन सहज नभएको उनको भनाइ छ। त्यस्तै, स्थानीय दिनेश गन्धर्व अहिलेको



पुस्तामा मालश्री संरक्षणप्रति पर्याप्त चासो र महत्व देखिन नसकेको बताउँछन् । राज्यले संस्कृति संरक्षणमा चासो दिएर आवश्यक सहयोग गर्ने हो भने गन्धर्व समुदाय यो परम्परा जोगाउन तयार रहेको उनको भनाइ छ । मालश्रीको धुनसँग जोडिएको परम्परा हराउनु एउटा गीत हराउनु मात्र नभई समुदायको पहिचान, पुर्खाको ज्ञान, धार्मिक आस्था र सांस्कृतिक इतिहास कमजोर हुँदै जानु पनि हो । तानसेन सम्पदा संरक्षण समाजका अध्यक्ष पदमराज न्यौपानेले मालश्री संरक्षणका लागि नयाँ पुस्तालाई यस परम्पराको महत्व बुझाउन र उनीहरूलाई सिक्ने वातावरण बनाउन आवश्यक रहेको बताए । उनका अनुसार समाजले गन्धर्व समुदायका व्यक्तिहरूको समूह बनाएर सारङ्गी बजाउन र मालश्री गाउन सिकाउने विषयमा स्थानीय सरकारसँग पहल गरिरहेको छ। "मालश्रीको संरक्षणका लागि नयाँ पुस्तालाई यस परम्पराको महत्व बुझाउनु, सिक्ने वातावरण बनाउनु र यसमा संलग्न कलाकारलाई प्रोत्साहन गर्न स्थानीय सरकार, संस्कृति संरक्षणमा काम गर्ने निकाय र सम्बन्धित सरोकारवालासँग ठोस पहल थालेका छौं," अध्यक्ष न्यौपानेले भने।एक दशक अघिसम्म तानसेनका गाउँघर र बजारमा गन्धर्वले मालश्री गाएको सुन्ने र हेर्नेहरूको उत्साह देखिन्थ्यो । गाउँका चौतारी, कोटघर र शक्तिपीठमा मालश्री गुञ्जिँदा दशैंको रौनक थपिन्थ्यो। तर, अहिले ती ठाउँमा मालश्रीका धुन सुनिन छाडेका छन् । रामबहादुर गन्धर्वले आफ्नो प्रयासबाट यो परम्परालाई जीवित राखेका छन्। उनीपछि मालश्री गाउने व्यक्ति नहुने हो कि भन्ने चिन्तासँगै यो मौलिक संस्कृति जोगाउन नयाँ पुस्ताको सहभागिता र सम्बन्धित निकायको सहयोग आवश्यक देखिएको छ ।

धर्म, संस्कृति र परम्परालाई सम्मान गरौं

-चाडपर्व मनाउँदा अनावश्यक तडक-भडक नगरौं,

-चाडपर्व सभ्य, शिष्ट र मर्यादित रुपमा मनाऔं,

-धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,

-एक अर्काको चाडपर्वप्रति सम्मान गरौं ।

सामाजिक सद्भाव र सहिष्णुता कायम गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

# रगतको अभाव टार्न पाल्पा प्रहरीको योगदान, ३० युनिट रगत संकलन

**कृष्ण पोखरेल**

**पाल्पा,** कार्तिक ८/ चाडपर्वको समयमा अस्पतालहरूमा रगतको अभाव हुन नदिन पाल्पा प्रहरीले रक्तदानमार्फत मानवीय सेवामा योगदान पुर्‍याएको छ । ७१औं प्रहरी दिवसको अवसरमा जिल्ला प्रहरी कार्यालय पाल्पा र नेपाल रेडक्रस सोसाइटी पाल्पाको संयुक्त आयोजनामा सम्पन्न रक्तदान कार्यक्रममा प्रहरी कर्मचारीबाट ३० युनिट रगत संकलन भएको हो ।

दशैँको बिदा तथा चाडपर्वका समयमा नियमित रक्तदाताको संख्या घट्ने तर दुर्घटना, प्रसूति तथा अन्य जटिल स्वास्थ्य समस्याका कारण रगतको माग बढ्न सक्ने अवस्थालाई मध्यनजर गर्दै प्रहरीले रक्तदान गरेको थियो । समुदाय-प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत आयोजित रक्तदानमा जिल्ला प्रहरी कार्यालयका प्रमुखदेखि जुनियर अधिकृत, ट्राफिक प्रहरी तथा जवानसम्मले उत्साहपूर्वक



सहभागिता जनाएका थिए । नागरिकको जीउधनको सुरक्षा गर्ने जिम्मेवारीमा रहेको प्रहरीले रगतको अभावमा कसैले ज्यान गुमाउन नपरोस् भन्ने उद्देश्यले रक्तदानलाई समेत प्राथमिकता दिएको जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रमुख प्रहरी उपरीक्षक (एसपी) दीपेन्द्र पञ्जियार थारुले बताए ।

(...बाँकी अन्तिम पेजमा)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना

# सम्पादकीय

## कोजाग्रत व्रत र यसको सन्देश

नेपाली समाजमा मनाइने विभिन्न चाडपर्वमध्ये कोजाग्रत पूर्णिमाको विशेष धार्मिक, सांस्कृतिक र सामाजिक महत्व रहेको छ । बडादसैँको समापनसँगै आश्विन शुक्ल पूर्णिमाका दिन मनाइने यो पर्व धनधान्यकी देवी महालक्ष्मीको पूजा–आराधना गरी सुख, शान्ति र समृद्धिको कामना गर्ने अवसर हो । यस दिन रातभर जाग्राम बसेर महालक्ष्मीको आराधना गर्ने परम्परा छ । 'को जागर्ति' अर्थात् 'को जागा छ ?' भन्ने धार्मिक मान्यतासँग जोडिएको यस पर्वले मानिसलाई निद्राबाट मात्र नभई अज्ञानता, आलस्य र नकारात्मक सोचबाट समेत जागृत हुन प्रेरित गर्दछ । त्यसैले कोजाग्रत व्रतलाई धार्मिक अनुष्ठानमा मात्र सीमित नराखी जीवनमा सकारात्मक परिवर्तन ल्याउने अवसरका रूपमा लिन आवश्यक छ । हाम्रो समाजमा कोजाग्रत पूर्णिमाका दिन घरआँगन सफा गर्ने, दीप प्रज्वलन गर्ने, लक्ष्मीको पूजा गर्ने तथा परिवारका सदस्य एकै ठाउँमा भेला भएर जाग्राम बस्ने चलन छ । कतिपय स्थानमा भजनकीर्तन, सामूहिक पूजा तथा धार्मिक कार्यक्रमसमेत आयोजना गरिन्छन् । यस्ता परम्पराले परिवार र समुदायबीच आत्मीयता, सद्भाव र एकताको भावना विकास गर्न महत्वपूर्ण भूमिका खेल्दै आएका छन् । विशेषगरी आधुनिक जीवनशैलीका कारण पारिवारिक सम्बन्ध कमजोर बन्दै गएको वर्तमान अवस्थामा यस्ता पर्वले आपसी सम्बन्धलाई थप मजबुत बनाउने अवसर प्रदान गर्दछन् । कोजाग्रत व्रतको मूल सन्देश धनसम्पत्तिको कामना गर्नु मात्र होइन, त्यसको प्राप्तिका लागि आवश्यक परिश्रम, इमानदारी र सदाचारलाई आत्मसात् गर्नु पनि हो । धार्मिक विश्वासअनुसार यस रात जाग्राम बसी महालक्ष्मीको आराधना गर्नाले सुख र समृद्धि प्राप्त हुन्छ । तर वास्तविक जीवनमा समृद्धिको आधार मेहनत, अनुशासन, नैतिकता र असल कर्म नै हुन् । पूजा गरेर मात्र समृद्धि प्राप्त हुन्छ भन्ने सोचभन्दा पनि आफ्नो कर्मप्रति जिम्मेवार बन्ने प्रेरणा यस पर्वबाट लिन सक्नुपर्छ । अरूको श्रमको सम्मान गर्ने, अनावश्यक खर्च घटाउने, बचत गर्ने र समाजमा सहयोगको भावना विकास गर्ने संस्कार नै समृद्ध समाज निर्माणका आधार हुन् । कोजाग्रत व्रतले बोकेको आस्था र विश्वासलाई व्यवहारसँग जोड्न सकियो भने यसको महत्व अझ व्यापक हुनेछ । रातभर जाग्राम बस्नु मात्र जागरण होइन, आफ्नो सोच र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउनु वास्तविक जागरण हो । महालक्ष्मीको आराधनासँगै श्रमको सम्मान, इमानदारी, सद्भाव र सामाजिक उत्तरदायित्वको सङ्कल्प गर्न सकियोस् । कोजाग्रत पूर्णिमाले हरेक घरमा उज्यालो मात्र होइन, हरेक मनमा चेतना र समाजमा सकारात्मक परिवर्तनको ज्योति फैलाउन सकोस् ।

### Opinion @ Social Network

आफूलाई सम्झाउँछु "अहिले जे भइरहेको छ,
यो पनि एक दिन मेरो कथाको सुन्दर अध्याय बन्नेछ।"
*(मिना शाहीको फेसबुक स्टाटसबाट www.facebook.com/Mina.Shahi)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कागजमै सीमित गैरआवासीय नागरिकता, नयाँ सरकार पनि उस्तै



प्रा.डा. दिपराज थापा

संविधानको धारा १४ अनुसार गैरआवासीय नेपाली नागरिकताको अधिकार एक दशकभन्दा बढीपछि पनि कानुनी र प्रशासनिक अस्पष्टताका कारण प्रभावकारी रूपमा लागू भएको छैन। बालेन्द्र शाह नेतृत्वको नयाँ सरकार बनेको ६ महिनाभन्दा बढी हुँदा पनि गैरआवासीय नेपालीसम्बन्धी कानुन संशोधन र कार्यान्वयनमा ठोस प्रगति देखिएको छैन।एनआरएनएले नागरिकता, लगानी, सम्पत्ति, बैंकिङ कारोबार र कानुनी अधिकारसम्बन्धी समस्या समाधान गर्न सरकारसँग माग गर्दै आएको छ।नेपालको संविधान २०७२ को धारा १४ ले दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का सदस्य राष्ट्रबाहेक अन्य देशको नागरिकता लिएका नेपाली मूलका व्यक्तिहरूलाई निश्चित सर्तका आधारमा गैरआवासीय नेपाली नागरिकता प्रदान गर्ने व्यवस्था गरेको छ। यस्तो नागरिकताबाट सैंीय कानुनबमोजिम आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न सकिन्छ। तर, राजनीतिक अधिकार भने यसमा समावेश छैन।

यो संवैधानिक व्यवस्थाले विदेशमा बसोबास गर्ने नेपाली मूलका मानिसहरूमा ठूलो आशा जगाएको थियो। विदेशमा आर्जन गरेको पुँजी, ज्ञान, सीप र अनुभवलाई नेपालको विकासमा उपयोग गर्न सकिने विश्वास गरिएको थियो। तर, संविधान जारी भएको एक दशकभन्दा बढी समय बितिसक्दा पनि यी अधिकारहरूको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन।गैरआवासीय नेपाली नागरिकता वितरण सुरु भए पनि बैंकिङ कारोबार, सम्पत्ति व्यवस्थापन, लगानी तथा अन्य आर्थिक गतिविधिमा कानुनी र प्रशासनिक अस्पष्टता कायमै छ। यसले गर्दा धेरैका लागि गैरआवासीय नेपाली नागरिकता व्यवहारमा प्रभावकारी अधिकार प्रदान गर्ने दस्तावेजभन्दा प्रतीकात्मक पहिचानमा मात्र सीमित हुन पुगेको छ। यसका अतिरिक्त अहिले नेपालमा राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएकाले कुनै पनि काम गर्न झनै बाधा सिर्जना भएको छ। परिणामत: अब धेरैजसो गैरआवासीय नेपालीहरू पुरानै नागरिकताका आधारमा राष्ट्रिय परिचयपत्र बनाउन बाध्य भएका छन्।संविधानले अधिकार दिने तर राज्यले त्यसको प्रयोग गर्ने वातावरण नबनाउने हो भने त्यस्तो नागरिकताको वास्तविक अर्थ के रहन्छ ?

**नयाँ सरकारप्रतिको आशा र बढ्दो निराशा**

नयाँ सरकारसँग सबैजसो गैरआवासीय नेपालीहरूको आशा जोडिएको छ। सन् २०२६ मार्च ५ मा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले सफलता हासिल गरेपछि मार्च २७ मा बालेन्द्र शाहको नेतृत्वमा नयाँ सरकार गठन भयो। पुराना राजनीतिक दलहरूको कार्यशैली, भ्रष्टाचार, प्रशासनिक ढिलासुस्ती र राजनीतिक अस्थिरताबाट निराश नागरिकहरूले नयाँ नेतृत्वबाट परिवर्तनको अपेक्षा गरेका थिए।विदेशमा रहेका धेरै नेपाली पनि यस राजनीतिक परिवर्तनप्रति आशावादी थिए। सामाजिक सञ्जाल, जनमत निर्माण र पारिवारिक सम्पर्कमार्फत उनीहरूले परिवर्तनको पक्षमा आवाज उठाएका थिए। यसले देशभित्र परिवर्तनको आवश्यकतासम्बन्धी बहसलाई थप बल पुर्‍याएको थियो र रास्वपालाई झन्डै दुईतिहाइको सानदार विजय दिलाएको थियो।

नयाँ सरकार गठनपछि गैरआवासीय नेपाली नागरिकतासम्बन्धी कानुनी समस्या छिट्टै समाधान हुने अपेक्षा बढेको थियो। विशेषगरी परराष्ट्रमन्त्री शिशिर खनालले सम्बन्धित कानुन अघि बढाउने प्रतिबद्धता व्यक्त गरेपछि विदेशमा रहेका नेपालीहरूमा थप उत्साह जागेको थियो। तर, सरकार गठन भएको ६ महिनाभन्दा बढी समय बितिसक्दा पनि अपेक्षित परिणाम देखिएको छैन।कानुनी संशोधनका विषयमा छलफल र परामर्श भए पनि आवश्यक सुधार कहिले पूरा हुन्छन् भन्ने स्पष्ट समयसीमा सार्वजनिक भएको छैन। यसले नयाँ सरकारप्रतिको विश्वास कमजोर बनाउँदै लगेको छ। परिवर्तनको वाचा गरेर सत्तामा पुगेको सरकारले पनि पुरानै ढिलासुस्ती दोहोर्‍याउने हो भने जनताले नयाँ नेतृत्वबाट के अपेक्षा गर्ने ? अहिले बिदेसिएका र गैरआवासीय नेपाली नागरिकको मनमस्तिष्कमा सरकारको प्राथमिकता र राजनीतिक इच्छाशक्तिमाथि प्रश्नैप्रश्न उब्जिन थालेका छन्। गैरआवासीय नेपाली नागरिकताको कार्यान्वयनमा भइरहेको ढिलाइले सरकारको प्राथमिकतामाथि गम्भीर प्रश्न उठाएको छ।यदि सरकारले विदेशमा रहेका नेपालीलाई देशको विकासका महत्त्वपूर्ण साझेदार मान्छ भने उनीहरूको संवैधानिक अधिकार कार्यान्वयन गर्ने विषय किन प्राथमिकतामा पर्दैन ? समस्या कानुनी जटिलता हो, प्रशासनिक कमजोरी हो वा राजनीतिक इच्छाशक्तिको अभाव हो ? कतै विदेशमा रहेका नेपालीहरूको आर्थिक प्रभाव, सम्पत्तिमाथिको अधिकार वा देशको विकासमा उनीहरूको बढ्दो सहभागिताप्रति सरकारभित्र कुनै आशंका त छैन ?सरकारले जानाजानी गैरआवासीय नेपालीहरूको अधिकार रोकिरहेको छ भन्ने निष्कर्ष निकाल्ने पर्याप्त आधार छैन। तर, निर्णय प्रक्रियामा पारदर्शिता नहुँदा र ठोस प्रगति नदेखिँदा यस्ता प्रश्न उठ्नु स्वाभाविक हो। सुशासन र पारदर्शिताको प्रतिबद्धता व्यक्त गरेको सरकारले यस विषयमा स्पष्ट जवाफ दिन आवश्यक छ।

**नेपालले गुमाउन सक्ने पुँजी र दक्ष जनशक्ति**

विदेशमा रहेका नेपालीहरूको योगदानलाई केवल रेमिट्यान्समा सीमित गरेर हेर्नु उचित हुँदैन। विश्वका विभिन्न देशमा नेपाली मूलका मानिसहरू चिकित्सक, नर्स, अनुसन्धानकर्ता, प्राध्यापक, इन्जिनियर, सूचना प्रविधि विशेषज्ञ, उद्यमी तथा विभिन्न क्षेत्रका दक्ष जनशक्तिका रूपमा स्थापित भएका छन्। उनीहरूसँग आर्थिक स्रोतसँगै अन्तर्राष्ट्रिय अनुभव, आधुनिक प्रविधिको ज्ञान, व्यावसायिक सम्बन्ध र व्यवस्थापकीय क्षमता पनि छ।

धेरै गैरआवासीय नेपाली नेपालमा उद्योग, व्यवसाय, स्वास्थ्य सेवा, शिक्षा, अनुसन्धान, प्रविधि र पर्यटन क्षेत्रमा लगानी गर्न इच्छुक छन्। कतिपय स्थायी रूपमा स्वदेश फर्किन चाहन्छन् भने कतिपय विदेशमै बसेर आफ्नो ज्ञान, सीप र पुँजीमार्फत योगदान दिन चाहन्छन्। तर, लगानीका लागि स्पष्ट कानुन, सम्पत्तिको सुरक्षा, सहज प्रशासनिक प्रक्रिया र नीतिगत स्थिरता आवश्यक हुन्छ। कानुनी अनिश्चितता भएको अवस्थामा कसैले आ्नो जीवनभरको कमाइ लगानी गर्न कसरी विश्वास गर्ने ? यस्तो अन्योलले सम्भावित लगानी रोक्न सक्छ। दक्ष जनशक्तिले स्वदेश फर्किने योजना स्थगित गर्न सक्छन्। अन्तत: नेपालले पुँजी, ज्ञान, प्रविधि र रोजगारी सिर्जनाका महत्त्वपूर्ण अवसर गुमाउन सक्छ। नेपाललाई लगानी र दक्ष जनशक्तिको आवश्यकता छ भने उनीहरूलाई आकर्षित गर्ने कानुनी वातावरण निर्माण गर्नु सरकारको जिम्मेवारी हो।परिवर्तनको वाचासहित बनेको बालेन्द्र शाह नेतृत्वको नयाँ सरकार गठन भएको ६ महिना बितिसक्दा पनि कानुनी जटिलता नफुक्दा प्रवासमा रहेका नेपालीहरूको आशा निराशामा बदलिन थालेको छ। अहिले रास्वपा नेतृत्वको सरकारले लिएको वैदेशिक रोजगारी घटाउने लक्ष्य र सरकारी व्यवहारबीच विरोधाभास सिर्जना भएको देखिन्छ। देशको सम्पन्नता र विकासमा नेपालको एउटा प्रमुख चुनौती युवाहरूको विदेश पलायन हो। देशमा पर्याप्त रोजगारी, उचित पारिश्रमिक र व्यावसायिक अवसरको अभावका कारण ठूलो संख्यामा युवाहरू रोजगारी र राम्रो भविष्यको खोजीमा विदेश जान बाध्य छन्।नयाँ सरकारले देशभित्र रोजगारी सिर्जना गर्ने, अर्थतन्त्र सुदृढ बनाउने र युवाहरूका लागि अवसर बढाउने लक्ष्य अघि सारेको छ। तर, विदेशमा स्थापित भइसकेका नेपालीलाई स्वदेश फर्किन र लगानी गर्न सहज वातावरण नबनाई यी लक्ष्य कसरी पूरा हुन्छन् ?गैरआवासीय नेपालीले नयाँ उद्योग स्थापना गर्न, आधुनिक प्रविधि भित्र्याउन, अनुसन्धान र शिक्षाको विकास गर्न तथा रोजगारी सिर्जना गर्न योगदान दिन सक्छन्।

**एनआरएनएका माग कहिलेसम्म बेवास्ता गर्ने ?**

एकातिर बिदेसिएका नेपालीलाई स्वदेश फर्काउने कुरा गर्ने, अर्कोतिर उनीहरूलाई फर्किन र लगानी गर्न आवश्यक कानुनी व्यवस्था गर्न ढिलाइ गर्ने सरकारी कार्यशैली विरोधाभासपूर्ण देखिन्छ। गैरआवासीय नेपाली सै (एनआरएनए) ले लामो समयदेखि गैरआवासीय नेपालीहरूको अधिकार सुनिश्चित गर्न आवाज उठाउँदै आएको छ। सन् २०२६ मा पनि सैका प्रतिनिधिहरूले सरकारसँग विभिन्न चरणमा छलफल गर्दै नागरिकता, लगानी, सम्पत्ति, बैंकिङ कारोबार र कानुनी अधिकारसम्बन्धी समस्या समाधान गर्न माग गरेका छन्।अन्य सरोकारवाला संस्थाहरूले पनि प्रस्तावित कानुनका विभिन्न प्रावधानबारे सुझाव दिएका छन्। यसबाट सरकारले समस्याबारे जानकारी नपाएको भन्ने अवस्था छैन। अब प्रश्न जानकारीको होइन, कार्यान्वयनको हो। यो विषय एनआरएनए संस्थाको मात्र होइन। यो विश्वभर रहेका नेपाली मूलका मानिसहरूको आफ्नो जन्मभूमि वा पुर्खाको देशसँग जोडिने अधिकार, चाहना र भविष्यसँग सम्बन्धित छ। उनीहरूको माग नेपालमा बस्ने नागरिकभन्दा बढी सुविधा पाउनुपर्ने भन्ने होइन। संविधानले व्यवस्था गरेका आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू स्पष्ट कानुनमार्फत व्यवहारमा लागू हुनुपर्ने भन्ने हो।

**अब आश्वासन होइन, स्पष्ट निर्णय चाहिन्छ**

रास्वपा नेतृत्वको सरकारले अझै पनि आफ्नो प्रतिबद्धता पूरा गर्ने अवसर गुमाएको छैन। तर, त्यसका लागि तत्काल ठोस कदम चाल्न आवश्यक छ। सरकारले गैरआवासीय नेपालीसम्बन्धी कानुनको वर्तमान अवस्था सार्वजनिक गर्नुपर्छ। बाँकी रहेका कानुनी तथा प्रशासनिक अवरोध स्पष्ट पार्नुपर्छ र आवश्यक संशोधन तथा कार्यान्वयनका लागि विश्वसनीय समयसीमा निर्धारण गर्नुपर्छ।त्यसैगरी गैरआवासीय नेपाली नागरिकताअन्तर्गत प्राप्त हुने आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू व्यवहारमा प्रयोग गर्न सकिने कानुनी व्यवस्था छिटोभन्दा छिटो सुनिश्चित गर्नुपर्छ। यहाँ संविधानले नदिएका राजनीतिक अधिकारको माग गरिएको होइनह संविधानले व्यवस्था गरेका अधिकारहरूको प्रभावकारी कार्यान्वयनको माग गरिएको हो।

**गैरआवासीय नेपालीको विश्वास कहिलेसम्म परीक्षण गर्ने ?**

नेपालको भविष्य देशभित्र बस्ने नागरिकहरूको प्रयासले मात्र होइन, विश्वभर रहेका नेपाली मूलका मानिसहरूको ज्ञान, अनुभव, पुँजी र योगदानबाट पनि निर्माण हुन सक्छ। विदेशमा रहेका नेपालीहरू नेपालको विकासका महत्वपूर्ण साझेदार बन्न सक्छन्। तर, उनीहरूको देशप्रेम र योगदान गर्ने इच्छालाई सरकारले सधैँ उपलब्ध हुने स्रोत ठान्नु हुँदैन। एक दशकभन्दा लामो प्रतीक्षापछि पनि संवैधानिक अधिकारहरूको पूर्ण कार्यान्वयन हुन नसक्नु गम्भीर विषय हो। विगतका सरकारहरूले समस्या समाधान गर्न नसकेको वास्तविकता छ। तर, अब त्यसको जिम्मेवारी नयाँ सरकारले लिनुपर्छ।रास्वपा नेतृत्वको सरकारले अब स्पष्ट जवाफ दिनुपर्छ– के सरकार साँच्चै विदेशमा रहेका नेपालीलाई नेपालको विकास र समृद्धिको साझेदार बनाउन चाहन्छ वा उनीहरूको संवैधानिक अधिकार कागजमै सीमित राख्न चाहन्छ ? यदि सरकार देशमा लगानी बढाउन, दक्ष जनशक्ति आकर्षित गर्न, रोजगारी सिर्जना गर्न र आर्थिक समृद्धि हासिल गर्न प्रतिबद्ध छ भने गैरआवासीय नेपालीहरूको अधिकार कार्यान्वयनलाई प्राथमिकतामा राख्नैपर्छ।गैरआवासीय नेपालीले लामो समयदेखि आफ्नो जिम्मेवारी निर्वाह गर्दै आएका छन्। अब पालो सरकारको हो। गैरआवासीय नेपालीलाई थप आश्वासन होइनह स्पष्ट कानुन, ठोस निर्णय र प्रभावकारी कार्यान्वयन चाहिएको छ ।

( *अनलाइन खबर डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : छिमेकीसँग सकारात्मक कुराकानी हुनेछ । फलफूलको सेवन बढाउनुहोला। | **तुला** :तपाईंलाई जाँगर चल्नेछ । घरमा समय छुट्याउदाँ लाभ हुनेछ । |
| **वृष** : बाल्यकालका तस्बिर हेर्दै रमाइलो गरिनेछ । दिन सरसफाइमा खर्च हुनेछ । | **वृश्चिक** :बन्द गरेको कार्य सञ्चालन हुने छ ।आफ्नो कमाईको केही अंश राख्ने समय छ । |
| **मिथुन** : सडकबाट हिँड्दा सतर्कता अपनाउनुहोला।परिवारसँग रमाइलो हुने छ । | **धनु** : रुनचाहिने कागजपत्रहरू फाल्नुहोस् । मनलाई शान्त राख्ने कोसिस गर्नुहोला । |
| **कर्कट** :थकान हटाउन ध्यान गर्नुहोस् ।नबुझी व्यक्तिगत धारणा नबनाउनुहोस् । | **मकर** :तपाईंको हराएको वस्तु फेला पर्नेछ।धुलोधुवाँबाट टाढै रहनु उचित हुनेछ। |
| **सिंह** : सहकार्यले सफलता दिलाउनेछ । मन शान्त रहनेछ। | **कुम्भ**: पारिवारिक जमघट हुने छ । यात्रामा निस्कदा ख्याल गर्नुहोला । |
| **कन्या** : सरसफाइमा विशेष ध्यान दिनुहोला। टाढाका इष्टमित्रसँग सुखद कुराकानी हुनेछ। | **मीन** : रुघरमा पाहुनाको आगमन हुनेछ । लेखनमा रुचि जागृत हुनेछ । |

## शिक्षा

# शिक्षक सवारी सहुलियत योजना



**काठमाडौं,** सरकारले विद्यालयका स्थायी शिक्षकहरूलाई सवारीसाधन खरिदमा ब्याज सहुलियत दिने नयाँ योजना अघि सारेको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले 'शिक्षा (एघारौँ संशोधन) नियमावली, २०८३' मा यससम्बन्धी व्यवस्था समेटेर आवश्यक सहमतिका लागि अर्थ मन्त्रालयमा प्रस्ताव पठाएको छ।

नियमावलीको नियम १०४ पछि '१०४ क' थप गरी शिक्षकहरूलाई सवारी खरिदमा सहुलियत दिने कानुनी बाटो खोल्न लागिएको हो। प्रस्तावित नयाँ व्यवस्थाअनुसार माध्यमिक तहका प्रथम र द्वितीय श्रेणीका शिक्षकहरूले चारपाँग्रे गाडी खरिद गर्न पाउने छन् । जसअन्तर्गत मावि प्रथम श्रेणीका शिक्षकले अधिकतम ५० लाख रुपैयाँसम्म र द्वितीय श्रेणीका शिक्षकले ४० लाख रुपैयाँसम्मको गाडी खरिद गर्न सक्नेछन् । शिक्षकहरूले सवारी साधनको कुल लागतको ८० प्रतिशतसम्मको वित्तीय व्यवस्था बैंकमार्फत गर्दा त्यसको किस्तागत ब्याज सरकारले बेहोर्ने गरी शिक्षा मन्त्रालयले तयारी थालेको छ । यस्तै, माध्यमिक तह तृतीय श्रेणीसहित निम्न माध्यमिक र प्राथमिक तहका सबै श्रेणीका शिक्षकहरूका लागि दुई पाँग्रे( मोटरसाइकल/स्कुटर) सवारीसाधन खरिदमा सहुलियत दिने प्रस्ताव गरिएको छ। यी तह र श्रेणीका शिक्षकहरूले अधिकतम ४ लाख रुपैयाँसम्मको दुई पाँग्रे सवारी साधन खरिद गर्दा बैंकबाट लिइने ऋणको ८० प्रतिशत रकममा लाग्ने ब्याज सरकारबाट पाउन सक्नेछन्। सवारी साधन खरिद गर्दा लाग्ने कुल मूल्यको बाँकी २० प्रतिशत रकम भने शिक्षक स्वयंले व्यवस्थापन गर्नुपर्नेछ। शिक्षक सेवामा बहाल रहेको अवधिसम्म मात्रै बैंकले निर्धारण गरेको किस्तागत ब्याज सरकारले सहुलियत स्वरूप उपलब्ध गराउनेछ। यो सुविधा कार्यान्वयनमा आएपछि देशभरका कुल १ लाख ६ हजार ५४७ जना स्थायी शिक्षक प्रत्यक्ष रूपमा लाभान्वित हुनेछन्।

तहगत र श्रेणीगत रूपमा हेर्दा यो सुविधा पाउनेमा प्राथमिक तहका ७७ हजार ७०७ जना र निम्न माध्यमिक तहका १६ हजार २१० जना शिक्षक रहेका छन्। त्यस्तै माध्यमिक तहतर्फ तृतीय श्रेणीका १० हजार ५११ जना, द्वितीय श्रेणीका १ हजार ९१५ जना र प्रथम श्रेणीका २०४ जना स्थायी शिक्षकहरूले यो सहुलियत पाउनेछन्। शिक्षा मन्त्रालयको प्रारम्भिक आकलनअनुसार यो महत्वाकाँक्षी योजना कार्यान्वयन गर्न कुल ४० अर्ब ३६ करोड ९ लाख ६० हजार रुपैयाँ लागत लाग्नेछ। शिक्षा मन्त्रालयका सह प्रवक्ता वीर बहादुर धामीले यो कार्यक्रम कार्यान्वयनका लागि कार्यविधि ल्याइने बताए । उनले भने, 'अझै अन्तिम रूप लिएको छैन । यसको लागि कार्यविधि बन्छ। 'सरकारले शिक्षा नियमावलीको ११ औं संशोधनमार्फत शिक्षकहरूलाई सवारीसाधन खरिदमा ब्याज सहुलियत दिने प्रस्ताव गरेसँगै तह र श्रेणीअनुसार सरकारले बेहोर्ने ऋणको अंश र शिक्षक स्वयंले गर्नुपर्ने लगानीबारे प्रारम्भिक खाका तयार भएको छ। प्रस्तावित व्यवस्थाअनुसार कुल खरिद रकमको ८० प्रतिशत रकममा लाग्ने ब्याज सरकारले बेहोर्नेछ भने बाँकी २० प्रतिशत रकम शिक्षक स्वयम्ले जोहो गर्नुपर्नेछ।

तालिकाअनुसार माध्यमिक तह प्रथम श्रेणीका शिक्षकले ५० लाख रुपैयाँसम्मको चारपाँग्रे सवारी खरिद गर्न सक्नेछन्। जसमा सरकारले ८० प्रतिशत अर्थात् ४० लाख रुपैयाँ बराबरको ऋणको ब्याज बेहोर्नेछ भने शिक्षकले १० लाख रुपैयाँ स्वयम्ले जोहो गर्नुपर्नेछ। यसैगरी, माध्यमिक द्वितीय श्रेणीका शिक्षकले ४० लाखसम्मको गाडी किन्दा सरकारले ३२ लाख रुपैयाँको ब्याज तिरिदिनेछ भने शिक्षकले ८ लाख रुपैयाँ खुद लगानी गर्नुपर्नेछ। अर्कोतर्फ, माध्यमिक तृतीय श्रेणी, निम्न माध्यमिक (सबै श्रेणी) र प्राथमिक (सबै श्रेणी) का शिक्षकहरूका लागि अधिकतम ४ लाख रुपैयाँसम्मको दुई पाँग्रे सवारीसाधन खरिद गर्ने व्यवस्था गरिएको छ। यी श्रेणीका शिक्षकहरूले दुई पाँग्रे सवारी किन्दा सरकारले ८० प्रतिशत अर्थात् ३ लाख २० हजार रुपैयाँ ऋणको किस्तागत ब्याज तिरिदिनेछ भने बाँकी ८० हजार रुपैयाँ शिक्षक स्वयम्ले जुटाउनुपर्नेछ।

*(रातोपाटी डटकम*

# विधेयकमा निजी विद्यालयको लगानी सुरक्षाबारे बहस

**ललितपुर,** शिक्षा विधेयकमा निजी विद्यालयको लगानी सुरक्षा, नीतिगत सहभागिता र शैक्षिक गुणस्तरका विषयलाई स्पष्ट रूपमा सम्बोधन गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन् । निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन), ललितपुर जिल्ला कार्यसमितिले आयोजना गरेको बृहत् शैक्षिक बहसमा सहभागी वक्ताहरूले शिक्षा क्षेत्रको सुधारका लागि राज्य र निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेको बताए ।

बहसमा प्रतिनिधिसभा सदस्य कुसुम महर्जनले सरकार र निजी क्षेत्र एकअर्काका परिपूरक भएकाले शिक्षा क्षेत्रका समस्या समाधान गर्न संवाद र सहकार्य आवश्यक रहेको बताए । उनले निजी विद्यालयमा छोराछोरी पढाउने सबै अभिभावक आर्थिक रूपमा सम्पन्न नहुने उल्लेख गर्दै अभिभावकको त्याग र अपेक्षाअनुसार गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालय सञ्चालकलाई आग्रह गरे ।शिक्षामन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झाले नि:शुल्क शिक्षाको अर्थ शुल्क नलाग्ने मात्र नभई सबै बालबालिकाले गुणस्तरीय शिक्षा प्राप्त गर्ने सुनिश्चितता हुनु रहेको बताए । शिक्षाका लागि आवश्यक स्रोत करदाताले तिरेको करबाट जुटाइने उल्लेख गर्दै उनले सबै भौगोलिक क्षेत्र र आर्थिक अवस्थाका परिवारका बालबालिकालाई गुणस्तरीय शिक्षा उपलब्ध गराउने दायित्व राज्यको भएको बताए ।कक्षा १२ सम्म नि:शुल्क तथा अनिवार्य शिक्षाको अवधारणाबारे चर्चा गर्दै उनले निजी विद्यालयले पनि शैक्षिक गुणस्तर सुधारमा योगदान गरिरहेको बताए । राज्यको दीर्घकालीन शिक्षा नीतिले निजी विद्यालयको भविष्य र अभिभावकको विद्यालय छनोटको अधिकारलाई कसरी सम्बोधन गर्ने भन्ने विषयमा स्पष्टता आवश्यक रहेको उनको भनाइ थियो ।

प्याब्सनका केन्द्रीय अध्यक्ष कृष्ण अधिकारीले शिक्षा क्षेत्रमा निजी क्षेत्रले ठूलो लगानी र जिम्मेवारी बहन गरिरहेको उल्लेख गर्दै लगानीको सुरक्षा तथा नीतिनिर्माणमा सहभागिता सुनिश्चित गर्न माग गरे । प्रि-स्कुलदेखि कक्षा १२ सम्मका साथै प्राविधिक तथा व्यावसायिक शिक्षामा निजी क्षेत्रले करिब ४१ प्रतिशत भार वहन गरिरहेको दाबी गरे ।संविधानले सम्पत्तिको हक र समानताको प्रत्याभूति गरेको उल्लेख गर्दै उहाँले स्वदेशी शैक्षिक उद्यमीको लगानी सुरक्षाका लागि पनि स्पष्ट नीतिगत व्यवस्था हुनुपर्नेमा जोड दिए । निजी विद्यालय सञ्चालकले पुर्ख्यौली सम्पत्ति, ऋण तथा परिवारका गहना धितो राखेर शिक्षामा लगानी गरेको उल्लेख गर्दै उनले विद्यालयको अवस्था र लगानीअनुसार उपयुक्त नीतिगत व्यवस्था गर्नुपर्ने बताए । साथै, स्थानीय र प्रदेश सरकारले कलेज तथा विश्वविद्यालय सञ्चालनका लागि आवश्यक सुविधा उपलब्ध गराउनुपर्ने उनले बताए । उच्च शिक्षालय तथा विद्यालय संघ ( हिसान)का महासचिव रामहरि सिलवालले शिक्षा क्षेत्रमा निजी विद्यालयले पुऱ्याएको योगदानलाई राज्यले सम्मान गर्दै नीतिगत रूपमा उचित स्थान दिनुपर्ने बताए ।राजनीतिक नेतृत्वले सुधारको प्रतिबद्धता जनाए पनि कर्मचारीतन्त्रको परम्परागत कार्यशैलीका कारण अपेक्षित परिवर्तन हुन नसकेको उल्लेख गर्दै उहाँले प्रशासनिक सुधार आवश्यक रहेको धारणा राखे ।सामुदायिक विद्यालयमा सरकारले गर्ने लगानी र त्यसबाट प्राप्त प्रतिफलको तुलनात्मक अध्ययन गर्नुपर्ने बताउँदै उनले सरकारले एक विद्यार्थीका लागि वार्षिक रु ४० हजारदेखि रु ८५ हजारसम्म खर्च गर्ने गरेको उल्लेख गरे ।

शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलका सल्लाहकार शैलेन्द्र झाले प्राप्त सुझावलाई ध्यान दिएर विधेयक ल्याइने बताए । प्याब्सनका केन्द्रीय महासचिव आरबी कटुवालले शिक्षालाई संस्कार, सीप र प्रविधिसँग जोडेर अघि बढाउनुपर्ने बताए । शिक्षा क्षेत्रको विकासमा निजी क्षेत्रलाई सँगै लिएर जानुपर्ने उल्लेख गर्दै उनले विदेशी विद्यार्थीलाई नेपालमा अध्ययन गर्न आकर्षित गर्न कानुनी अड्चन हटाउनुपर्नेमा जोड दिए । प्रारम्भिक बालविकास सञ्चालकहरूको संगठन अपिनका अध्यक्ष कृष्णकुमार बोहराले निजी शिक्षालयको लगानी सुरक्षालाई ध्यान दिन आग्रह गरे ।- ***रासस***

# शिक्षा अधिकृतको सिमल तरुल खेती



**काठमाडौं,** सरकारी जागिर, वृद्ध आमाबुबाको स्याहारसुसार र घरगृहस्थीको जिम्मेवारी । यी सबै दायित्व पूरा गर्दै फुर्सदको समयलाई व्यावसायिक कृषिमा लगाएर आम्दानीको नयाँ सम्भावना खोजिरहेका छन्, पर्साको ठोरी गाउँपालिका-१ सरस्वती नगरका ३२ वर्षीय शिवराज फुँयाल । छिमेकी जिराभवानी गाउँपालिकामा आठौं तहका शिक्षा अधिकृतका रूपमा कार्यरत शिवराजले यस वर्ष १० का जमिनमा अफ्रिकन जातको सिमल तरुलको व्यावसायिक खेती गरेका छन् ।

उनका अनुसार यो तरुल नेपालको रैथाने वा लोकल जातको होइन, यो विशेषगरी अफ्रिका महादेशमा पाइने उन्नत जातको हो । सरकारी सेवाको व्यस्तताबीच थालेको यो अफ्रिकन सिमल तरुल खेतीबाट यसपटक कम्तीमा पाँच लाख रुपैयाँ खुद आम्दानी गर्ने उनको लक्ष्य छ ।

**कम लगानी र कम मिहिनेतमा गर्न सकिने खेती**

मधेश प्रदेशको पश्चिमी भेगमा पर्ने ठोरी गाउँपालिका चितवन राष्ट्रिय निकुञ्जसँग जोडिएको छ । पर्साको सदरमुकाम वीरगञ्जबाट करिब ६८ किलोमिटर टाढा रहेको यस क्षेत्रका अधिकांश बासिन्दा कृषिमा संलग्न छन् । तर, सिँचाइ र जनशक्तिको अभावमा कतिपय जमिन बाँझै छन् । त्यही परिवेशमा शिवराजले कम लगानी र तुलनात्मक रूपमा कम मिहिनेतमा गर्न सकिने नयाँ खेतीको प्रयोग गरेका हुन् ।शिवराजको घर र कार्यस्थलबीच करिब ३० किलोमिटर दूरी छ । उनी दैनिक मोटरसाइकलमा कार्यालय आउजाउ गर्छन् । दिनभर शैक्षिक तथा प्रशासनिक जिम्मेवारी सम्हालेर घर फर्किएपछि पनि उनको काम सकिँदैन । दाजुको परिवार वीरगञ्जमा बस्ने भएकाले वृद्ध आमाबुबाको स्याहारसुसार, औषधिउपचार र घरायसी कामको मुख्य जिम्मेवारी उनकै काँधमा छ ।यी जिम्मेवारीका बीच उनले कृषि कर्मका लागि पनि समय निकालिरहेका छन् । बिहान( बेलुका र सार्वजनिक बिदाका दिन खेतमा पुगेर बिरुवाको हेरचाह गर्ने, औषधि छर्ने र झारपात हटाउने काम उनी आफैं गर्छन् ।

**चितवनबाट सिके, ठोरीमा प्रयोग गरे**

अफ्रिकन सिमल तरुल खेती गर्ने प्रेरणा उनले चितवन भ्रमणका क्रममा पाएका हुन् । केही समयअघि साथीसँग चितवन पुगेका बेला अन्नपूर्ण नर्सरीमार्फत भइरहेको यसको व्यावसायिक खेती र त्यसबाट किसानले आर्जन गरिरहेको आम्दानीबारे उनले जानकारी पाए । त्यसपछि आफ्नै गाउँको माटोमा पनि यो खेती परीक्षण गर्ने निर्णय गरे ।उनले चितवनस्थित अन्नपूर्ण नर्सरीबाट खरिद गरेर ल्याएका २ हजार बिरुवा १० का जमिनमा रोपेर व्यावसायिक खेती सुरु गरे ।

अहिले बिरुवा हुर्किएर उत्पादन दिने चरणमा पुगेका छन् । छिट्टै उत्पादन बजारमा बिक्रीका लागि तयार हुने उनको अपेक्षा छ ।शिवराजका अनुसार यसको खेतीमा रोप्ने बेला बढी समय र श्रम खर्चिनुपर्छ । त्यसपछि भने तुलनात्मक रूपमा कम हेरचाह गरे पुग्छ । उनका अनुसार अहिलेसम्म खेतमा दुई पटक मात्र गोडमेल गरिएको छ ।खेतीको लागतबारे उनी भन्छन्, 'मान्छे लगाउने, जमिन जोत्ने, गोडमेल गर्ने र फसल थन्काउनेसम्म गर्दा जम्मा करिब ५० हजार रुपैयाँ खर्च हुने अनुमान गरेको छु ।'

**फलसँगै बिरुवा बेचेर आम्दानीको अपेक्षा**

अफ्रिकन सिमल तरुलबाट फल बिक्रीका अतिरिक्त बिरुवा बेचेर पनि आम्दानी गर्न सकिने शिवराज बताउँछन् ।यसको बिरुवा तयार पार्ने तरिकाबारे उनी भन्छन्, 'एउटा बिरुवाबाट ७-८ वटासम्म नयाँ बिरुवा बनाउन सकिन्छ । १० देखि १५ सेन्टिमिटरको टुक्रा काटेर रोपे पुग्छ, त्यो आफैं बढेर ठूलो हुन्छ ।'यसरी फल र बिरुवा दुवैबाट कुनै पनि कुरा खेर नजाने हुँदा यसपटक कम्तीमा पनि ५ लाख रुपैयाँ खुद आम्दानी हुने उनको अपेक्षा छ ।

यद्यपि, बजारको यथार्थ माग, मूल्य र उत्पादनको परिमाणबारे पूर्ण आँकलन फसल बजारमा आएपछि मात्र गर्न सकिने उनको बुझाइ छ ।साथै, यो सिमल तरुल धेरै प्रकारका बिरामीहरूका लागिसमेत स्वास्थ्यबर्द्धक र उपयोगी हुने उनले बुझेका छन् ।

**बाँझो जमिनमा खेती गर्न युवालाई आग्रह**

शिवराजको अनुभवमा अफ्रिकन सिमल तरुल खेतीका लागि अत्यधिक सिँचाइ आवश्यक पर्दैन । पर्याप्त आकाशे पानी पर्ने ठाउँमा पनि खेती गर्न सकिने उनको भनाइ छ ।त्यसैले सिँचाइ सुविधाको अभावमा बाँझो रहेका जमिनको सदुपयोग गर्न यो खेती एउटा विकल्प हुन सक्ने उनी बताउँछन् । यद्यपि, यसको उपयुक्तता स्थानीय माटो, पानी, मौसम र खेती व्यवस्थापनमा निर्भर हुन्छ ।

रोजगारीका लागि विदेश जाने युवालाई लक्षित गर्दै शिवराज आफ्नै ठाउँमा पनि अवसर खोज्न आग्रह गर्छन् । उनी भन्छन्, 'विदेश गएर पसिना बगाउनुको सट्टा यदि युवाहरूले स्वदेशमै, आफ्नै परिवारसँग बसेर थोरै बुद्धि र मिहिनेत लगाउने हो भने विदेशको भन्दा बढी आम्दानी आफ्नै आँगनमा गर्न सकिन्छ ।'उनको प्रयासको उद्देश्य खेतीबाट आम्दानी गर्नु मात्र होइन, फुर्सदको समयलाई उत्पादनमूलक काममा लगाउन सकिन्छ भन्ने देखाउनु पनि हो । सरकारी सेवामा रहेर कृषि कर्मलाई निरन्तरता दिनुले स्थानीय युवालाई नयाँ सम्भावना खोज्न प्रेरित गरेको छ ।

**सामाजिक काममा पनि सक्रिय**

शिवराज कृषि कर्ममा मात्र सीमित छैनन् । गाउँमा हुने सामाजिक, सांस्कृतिक तथा विकास निर्माणका गतिविधिमा पनि उनी सक्रिय रहँदै आएका छन् ।सरकारी सेवाको जिम्मेवारी पूरा गर्दै खेती र सामाजिक काममा समेत समय दिनुले स्थानीयस्तरमा उनको प्रशंसा हुने गरेको छ । औपचारिक शिक्षाको दायराबाट बाहिर निस्केर प्रयोगात्मक रूपमा आत्मनिर्भर बन्न सिकाउने शिवराज फुँयाल गाउँका युवाहरूका लागि प्रेरणाका स्रोत बनेका छन् ।

*-अनलाईन खबर*

# अवैध लागूऔषध सहित २१ जना पक्राउ



**पाल्पा,** कार्तिक ८/ देशका विभिन्न स्थानबाट अवैध लागूऔषध सहित २१ जना पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार कञ्चनपुर, कैलाली, बाँके, पर्सा, काठमाडौं लगायतका स्थनबाट लागूऔषध सहित २१ जना पक्राउ परेका हुन् ।

कञ्चनपुरको भीमदत्त नगरपालिका-११ बाट अवैध लागूऔषध सहित सोही नगरपालिका-१८ बस्ने २६ वर्षीय रामकृष्ण बराललाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय गयाचौकी समेतबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो ।

यस्तै कागेश्वरी मनोहरा नगरपालिका-४ डाँछीबाट लागूऔषध र नगद ४२ हजार ५ सय ९८ रूपैयाँ सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही नगरपालिका-४ ब्रम्हखेल घर भएका ३५ वर्षीय गणेश श्रेष्ठ र गोकर्णेश्वर नगरपालिका-७ दक्षिणढोका बस्ने नुवाकोट घर भएका २१ वर्षीय अनिस केसी रहेका छन् । यसैगरी काठमाडौंको चन्द्रागिरी नगरपालिका-२ नागढुङ्गाबाट अवैध लागूऔषध सहित धादिङ निलकण्ठ नगरपालिका-१४ घर भएका २९ वर्षीय जोनाम लामालाई आइतबार बिहान प्रहरीले पक्राउ गरेको छ । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय नागढुङ्गा समेतबाट खटिएको प्रहरीले काँकरभिट्टादेखि काठमाडौंतर्फ आउँदै गरेको प्र.१-०२-००२ ख १२८२ नम्बरको बसमा सवार उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो । यस्तै पर्साको वीरगंज महानगरपालिका-१६ बाट अवैध लागूऔषध सहित २ जनालाई शनिबार प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा तनहुँ म्याग्दे गाउँपालिका-६ घर भएका २४ वर्षीय अमित दर्जी र सोही गाउँपालिका-२ घर भएका २९ वर्षीय दिपक परियार रहेका छन् । यस्तै सुनसरी, इनरूवा नगरपालिका-४ बसचोकबाट अवैध लागूऔषध सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा इटहरी उपमहानगरपालिका-१२ बस्ने ३५ वर्षीय रविन चौधरी, रामधुनी नगरपालिका-७ बस्ने ३० वर्षीय टार्जन चौधरी र इनरूवा नगरपालिका-८ बस्ने १९ वर्षीय लम्बु भन्ने साहदिन हुसेन रहेका छन् । यसैगरी सुनसरीको बराहक्षेत्र नगरपालिका-११ बुधबारे चोकबाट नियन्त्रित लागूऔषध सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने २१ वर्षीय सिजन माझी र ३० वर्षीय सरोज माझी रहेका छन् ।

# रगतको अभाव टार्न पाल्पा प्रहरी...

...उनका अनुसार शान्ति सुरक्षा कायम गर्नुका साथै आपत्कालीन अवस्थामा बिरामीको जीवन बचाउने कार्यमा पनि प्रहरी निरन्तर सक्रिय रहँदै आएको छ ।

“हामी देश र जनताको शान्ति सुरक्षाका लागि दिनरात खटिरहेका छौं । तर, सुरक्षा प्रदान गर्नु मात्र हाम्रो दायित्व होइन, आवश्यक पर्दा नागरिकको जीवन बचाउनु पनि उत्तिकै महत्वपूर्ण जिम्मेवारी हो,” प्रहरी उपरीक्षक थारुले भने, “त्यसैले ७१औं प्रहरी दिवसको अवसरलाई मानवीय सेवासँग जोड्दै रक्तदान गर्न मिल्ने प्रहरी कर्मचारीलाई यस अभियानमा सहभागी गराएका हौं ।”

रक्तदानमा महिला प्रहरीको समेत सहभागिता रहेको थियो । रक्तदान गरेकी महिला प्रहरी रमिता गौतमले अस्पतालहरूमा विशेषगरी सुत्केरी, गर्भवती तथा अन्य जटिल स्वास्थ्य समस्या भएका महिलालाई रगतको आवश्यकता बढी पर्ने भएकाले रक्तदान अभियानमा महिलाको सहभागिता बढाउनुपर्ने बताइन् । नागरिकको सुरक्षासँगै कसैको जीवन बचाउने पवित्र कार्यमा सहभागी हुन पाउँदा खुसी लागेको उनको भनाइ थियो । नेपाल रेडक्रस सोसाइटी पाल्पाका अनुसार जिल्लाका विभिन्न अस्पतालमा दैनिकजसो रगतको माग हुने गरेको छ । विशेषगरी चाडपर्वका समयमा नियमित रक्तदाताहरू अन्यत्र जाने तथा सार्वजनिक बिदाका कारण रक्तदान कार्यक्रम कम हुने हुँदा रगत व्यवस्थापन चुनौतीपूर्ण बन्ने गरेको छ । यही अवस्थालाई ध्यानमा राख्दै रेडक्रसले दशैँअघि नै विभिन्न संघसंस्थासँग समन्वय गरी रक्तदान अभियानलाई तीव्र बनाएको थियो ।

नेपाल रेडक्रस सोसाइटी पाल्पा शाखाका प्रमुख विनोद भारतीले चाडपर्वका समयमा समेत बिरामीले आवश्यक परेको बेला सहज रूपमा रगत पाउन सकून् भन्ने उद्देश्यले योजनाबद्ध रूपमा रक्तदान कार्यक्रम सञ्चालन गरिएको बताए । उनका अनुसार रगत संकलनका लागि विभिन्न संघसंस्थासँग समन्वय गरी रक्तदानको रोस्टरसमेत तयार पारिएको थियो । पाल्पामा युनाइटेड मिसन अस्पताल, लुम्बिनी मेडिकल कलेज, पाल्पा अस्पताल, रामपुर अस्पताल र गौतम बुद्ध डायलाइसिस सेन्टरलगायतका स्वास्थ्य संस्थामा उपचाररत बिरामीका लागि नियमित रगतको आवश्यकता पर्ने गरेको छ । दुर्घटनाका घाइते, शल्यक्रिया गर्नुपर्ने बिरामी, सुत्केरी तथा मिर्गौलासम्बन्धी समस्या भएका बिरामीका लागि रगतको उपलब्धता अत्यन्त महत्वपूर्ण मानिन्छ । प्रहरी दिवसका अवसरमा संकलित ३० युनिट रगत नेपाल रेडक्रस सोसाइटी पाल्पाको ब्लड बैंकमार्फत आवश्यकताअनुसार विभिन्न अस्पतालमा उपचाररत बिरामीलाई उपलब्ध गराउने व्यवस्था मिलाइएको छ । चाडपर्वमा शान्ति सुरक्षा व्यवस्थापनमा सक्रिय रहने पाल्पा प्रहरीले रक्तदानमार्फत सामाजिक उत्तरदायित्वसमेत निर्वाह गरेको छ । प्रहरी र रेडक्रसको यो सहकार्यले चाडपर्वका समयमा रगत व्यवस्थापनमा सहयोग पुऱ्याउनुका साथै रक्तदानप्रति समुदायमा सकारात्मक सन्देशसमेत प्रवाह गरेको छ ।

## खेलकुद समाचार

### एनपीएल विजेताले १ करोड ५० लाख पाउने



**काठमाडौं,** कार्तिक ८/ तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपीएल) को विजेता टोलीले १ करोड ५० लाख रुपैयाँ पुरस्कार पाउने भएको छ ।नेपाल क्रिकेट सै (क्यान) ले काठमाण्डौमा एक कार्यक्रम आयोजना गरेर प्रतियोगिताको पुरस्कार रकम घोषणा गरेको हो ।

गएको संस्करणको विजेता लुम्बिनी लायन्सले १ करोड १० लाख रुपैयाँ पुरस्कार पाएको थियो । यस्तै पहिलो संस्करणको विजेता जनकपुर बोल्ट्सले पनि १ करोड १० लाख रुपैयाँ पुरस्कार पाएको थियो । क्यानका अनुसार उपविजेता टोलीले ८० लाख, तेस्रो हुने टोलीले ४० लाख रु चौथो हुने टोलीले ३० लाख रुपैयाँ पुरस्कार पाउनेछन् ।एनपीएल भोलिदेखि कीर्तिपुरमा रहेको त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा शुरू हुँदैछ । आउँदो मङ्सिर ५ गतेसम्म चल्ने प्रतियोगितामा ८ वटा फ्रेन्चाइज टोलीले प्रतिस्पर्धा गर्नेछन् ।तेस्रो संस्करणको एनपीएलमा पहिलो पटक ‘डीआरएस’ प्रयोग हुँदैछ । यस्तै एनपीएलका सबै खेललाई आईसीसीले लिस्ट ‘ए’ टी-२० को आधिकारिक मान्यता दिएको छ ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

### दसैंपछि सुनको मूल्य ११ हजार ७ सयले घट्यो



**पाल्पा,** कार्तिक ८/दसैं बिदापछि पहिलो कारोबार दिन आइतबार नेपाली बजारमा सुनको मूल्यमा ठूलो गिरावट आएको छ। यस दिन सुनको मूल्य प्रतितोला ११ हजार ७०० रुपैयाँले घटेको हो।

नेपाल सुन-चाँदी व्यवसायी महासंघका अनुसार आइतबार छापावाल सुनको मूल्य प्रतितोला २ लाख ७८ हजार ५०० रुपैयाँ कायम भएको छ । यसअघि असोज ३० गते सुनको मूल्य प्रतितोला २ लाख ९० हजार २०० रुपैयाँ पुगेको थियो। सुनसँगै चाँदीको मूल्यमा पनि गिरावट आएको छ। महासंघका अनुसार आइतबार चाँदीको मूल्य प्रतितोला ७९४ रुपैयाँले घटेर ३ हजार ३९१ रुपैयाँ कायम भएको छ । यसअघि असोज ३० गते चाँदी प्रतितोला ४ हजार १८५ रुपैयाँमा कारोबार भएको थियो ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई